**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज शहीद दिवसको अवसरमा स्वतंत्रता सेनानी- भगत सिंह, राजगुरु र सुखदेवलाई श्रद्धांजलि अर्पण गर्नुभएको छ।

- पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले भन्नु भएको छ कि निर्वाचन आयोगले आज एस.आई.आर. प्रक्रिया अंतर्गत पहिलो पूरक मतदाता सूची प्रकाशित गर्नेछ।

- राज्यको मुख्यमंत्री एवं तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले उत्तर बंगाल भ्रमण गरी आफ्नो चुनावी अभियानको शुरुआत गर्नुहुनेछ।

- पश्चिम बंगालको दुर्गापुर जिल्लाको कोराङपारा पोष्ट अफिस क्षेत्रमा पर्खालबाट राजनीतिक प्रोपोगान्डाका सामानहरू हटाउँदै गर्दा निर्वाचन आयोगका दुई कर्मचारीमाथि आक्रमण भएको छ।

- मङ्पूको चौरास्तामा भएको भीषण आगलागीमा चारवटा घरहरु र एउटा दोकान जलेर नष्ट भएको छ भने एक महिला घाइते बनेकी छन्।

**प्रधानमंत्री - भगत सिंह**

प्रधानमंत्री नरेन्द्र मोदीले आज शहीद दिवसको अवसरमा स्वतंत्रता सेनानी- भगत सिंह, राजगुरु र सुखदेवलाई श्रद्धांजलि अर्पण गर्नुभएको छ। सोशल मीडिया पोस्टमा प्रधानमंत्रीले भन्नु भयो कि राष्ट्रको लागि उहाँहरुको बलिदान देशवासिहरुको स्मृतिमा सदैव अंकित रहनेछ।श्री मोदीले भन्नु भयो कि यी स्वतन्त्रता सेनानीहरूको न्याय, देशभक्ति र निडर प्रतिरोधको आदर्शले असंख्य भारतीयहरूमा जोश र प्रेरणा प्रदान गरिरहेको छ।

**पश्चिम बंगाल - पूरक सूची**

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले भन्नु भएको छ कि निर्वाचन आयोगले आज एस.आई.आर. प्रक्रिया अंतर्गत पहिलो पूरक मतदाता सूची प्रकाशित गर्नेछ। यसमा ती मतदाताहरुको नाम शामिल हुनेछ जसको कागजातहरुको पूर्ण सत्यापन भएको छ र जो निर्णय सूचीमा विचाराधीन छ। निर्वाचन आयोगका सूत्रहरुले बताए अनुसार 27 लाख विचारधीन मतदाताहरुको रिकॉर्ड संशोधित भइसकेको छ , प्रतिदिन लगभग 2 लाख नामहरुको संशोधनको प्रक्रिया जारी रहेको छ। सूची प्रकाशित भएपछि मतदाताले आयोगको आधिकारिक वेबसाइट, ईसीआई नेट एपमा वा जिल्ला वा उप-विभागीय कार्यालयहरूमा गएर कुनै आपत्ति आएमा अपील गर्न सक्नेछन्|सर्वोच्च अदालतको निर्देशनअनुसार २३ जिल्लामा १९ पुनरावेदन न्यायाधीकरण स्थापना गरिएको छ, जसमा उच्च अदालतका पूर्वन्यायाधीशको नियुक्ति भइसकेको छ। पूरक सूचीबाट नाम हटाइएका मतदाताहरूले यी न्यायाधिकरणहरू मार्फत पुनरावेदन गर्न सक्नेछन्। यसैबीच, कांग्रेस नेता अधीर रञ्जन चौधरीले पूरक सूचीसम्बन्धी प्रक्रियाको जटिलताका लागि मुख्यमन्त्री जिम्मेवार रहेको आरोप लगाउँदै मुद्दालाई राजनीतिकरण गर्न लागेको बताउनु भएको छ।

**उत्तर बंगाल-ममता**

राज्यको मुख्यमंत्री एवं तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले उत्तर बंगाल भ्रमण गरी आफ्नो चुनावी अभियानको शुरुआत गर्नुहुनेछ। आगामी बुधवार मुख्यमंत्रीले माटीगाड़ा-नक्सलबाड़ी विधानसभा क्षेत्रमा तृणमूल उम्मेद्वार शंकर मालाकारको समर्थनमा नक्सलबाड़ीको नंद प्रसाद बालिका विद्यालय मैदानमा जनसभालाई संबोधन गर्नुहुनेछ। मुख्यमंत्रीको भ्रमणलाई लिएर सभास्थलमा तैयारीहरु चलिरहेको छ। हेलीपैड निर्माणदेखि लिएर हेलिकॉप्टरको ट्रायल रन पनि पुरा गरिसकिएको छ। कार्यक्रमलाई लिएर मानिसहरुमा धैरै उत्साह रहेको पनि बताइएको छ। तृणमूल कंग्रेस सूत्र अनुसार, मुख्यमंत्री आगामी बुधवार दिउँसो लगभग दुइ बजे बागडोगरा एयरपोर्ट पुग्नुहुनेछ, जहांबाट हेलीकॉप्टरको माध्यमबाट उहाँ सोझै नक्सलबाड़ी सभा स्थल जानुहुनेछ। यस भ्रमणको अवधि मुख्यमंत्रीले डाबग्राम-फूलबाड़ी अनि जलपाईगड़ी जिल्लाको मयनागुड़ी मा पनि जनसभाहरुलाई सम्बोधन गर्नुहुनेछ।

## पश्चिम बंगाल - निर्वाचन आयोग कार्रवाई

पश्चिम बंगालको दुर्गापुर जिल्लाको कोराङपारा पोष्ट अफिस क्षेत्रमा पर्खालबाट राजनीतिक प्रोपोगान्डाका सामानहरू हटाउँदै गर्दा निर्वाचन आयोगका दुई कर्मचारीमाथि आक्रमण भएको पुलिसले जानकारी दिएको छ। सबडिभिजन कार्यालयका कर्मचारी सूर्यकान्त पाल र बिट्टु गुप्ताले पर्खालमा रहेका सामानहरू हटाइरहेका थिए। कर्मचारीहरु आफ्नो काम सकिएपछि कारमा बस्नेबित्तिकै तृणमूल कांग्रेसका कार्यकर्ताहरुले उनीहरुमाथि आक्रमण गरेका थिए । पुलिसले घटनास्थलमा पुगेर स्थितिलाई नियन्त्रणमा लिएको थियो ।भारतीय जनता पार्टीले यस घटनाको निन्दा गरेको छ र आरोप लगाएको छ कि यसको विरोधमा दुई भाजपा कार्यकर्तालाई कुटपिट पनि गरिएको छ।

## भाजपा बंगाल चुनाव बैठक

भारतीय जनता पार्टीले हिज सिलीगुड़ीमा उत्तर बंगाल क्षेत्रको एक महत्वपूर्ण संगठनात्मक बैठक गरेको छ। बैठकमा राज्य चुनाव प्रभारी र केंद्रीय मंत्री भूपेंद्र यादव, राज्य प्रभारी र बिहार मंत्री मंगल पांडे, पार्टीका राष्ट्रीय महासचिव सुनील बंसल सहित सबै सांसद र अन्य वरिष्ठ नेता उपस्थित रहेका थिए। बैठकमा पार्टीको चुनावी तयारीहरुको विस्तृत समीक्षा गरिएको थियो । पार्टी सूत्रहरुका अनुसार वरिष्ठ नेताहरुले पार्टीको प्रचार अभियान र कार्यक्रमहरुमा गहन चर्चा गरेका थिए र मतदाताहरुलाई आफ्नो तर्फ रिझाउन पार्टी नेताहरुलाई निर्देशन दिएका थिए ।मानिसहरुसित संपर्क बढ़ाउन र जनतालाई सत्ताधारी टीएमसीको कुशासन, भाई-भतीजावाद, भ्रष्टाचार, हिंसा र माफिया राज प्रति जागरूक गराउन विशेष जोर दिएका थिए।

## मङ्पू आगलागी

मङ्पूको चौरास्तामा भएको भीषण आगलागीमा चारवटा घरहरु र एउटा दोकान जलेर नष्ट भएको छ भने एक महिला घाइते बनेकी छन्।

**BYTE**

उक्त आगलागीपछि स्थानीय बासिन्दाहरूले क्षेत्रमै अग्निशमन केन्द्र स्थापना गर्नुपर्ने माग तीव्र रूपमा उठाएका छन्। स्थानीय व्यक्तिहरूका अनुसार यदि मङ्पूमै अग्निशमन केन्द्र भएको भए आगलागीबाट केही घरहरू जोगाउन सकिन्थ्यो। स्थानीयहरूले सम्बन्धित निकायसँग यथाशीघ्र मङ्पूमा अग्निशमन केन्द्र स्थापना गर्न माग गरेका छन्। यस आगलागीमा एकजना महिला रिना राई सामान्य रूपले घाइते भएको कारण रम्बी अस्पतालमा उपचार गरिरहेको मङपू पुलिसले जानकारी दिएका छन्। यस चारवटा घरहरुमा आगलागी हुँदा करोडौंको सम्पत्ति जलेर नष्ट भएको बताइएको छ। उक्त आगलागी रातिको समयमा भएको जानकारी प्राप्त भएको छ। उक्त आगलागीपछि आगो निभाउन कालीझोडास्थित एनएचपीसीबाट र कालेबुङबाट अग्निशमनको गाडी आएको बताइएको छ। यस आगलागीमा घर जलेका पिढीत परिवारहरुले बताए अनुसार बिहान 4 बजी आगो लागेको देखेको र उक्त आगलागीमा सबै कागज पत्रहरु, सर सामानहरु र मोबाइल फोन पनि निकाल्न नपाएको बताएका छन् ।

## सिलीगुड़ी पुलिस कमिश्नरद्वारा पुलिस चौकीहरुको निरीक्षण

सिलिगुडीका पुलिस कमिश्नर सैयद वकार रजाले हिज विभिन्न पुलिस स्टेशनहरूको भ्रमण गर्नु भएको छ र आगामी विधानसभा चुनावको सुरक्षा र प्रशासनिक तयारीको जायजा लिनुभएको छ । यस अवधि उहाँले भोरेर आलो पुलिस चौकीको निरीक्षण गर्नुभएको छ । पुलिस स्टेशन पुगेपछि उहाँले इन्चार्ज सुदीप दत्तसहित अन्य पुलिसहरूसँग कुराकानी गर्नु भयो र पुलिस स्टेशनका विभिन्न विभागहरूको निरीक्षण गर्नुभयो | यस क्रममा उहाँले सुरक्षा व्यवस्था र निर्वाचनको तयारीको समीक्षा गर्नुहुदै आवश्यक निर्देशन दिनुभएको छ | निरीक्षणपछि पुलिस कमिश्नर सैयद वकार रजाले निर्वाचन आयोगका सबै दिशानिर्देशहरूको कडाइका साथ पालना भइरहेको बताउनु भएको छ |उहाँले भन्नु भयो कि प्रत्येक मतदाताले बिना कुनै डर आफ्नो मताधिकारको प्रयोग गर्न सक्दछन् भन्ने सुनिश्चित गर्नु हाम्रो प्राथमिक जिम्मेवारी हो। मतदातालाई धम्क्याउन कसैले पाउने छैन | उहाँले रामनवमीमा कुनै अप्रिय घटना हुन नदिन थप पुलिस बल परिचालन गरिने बताउनु भएको छ ।

**बालेन्द्र शाह**

नेपालमा बालेन्द्र शाह नेतृत्वको सरकारले राज्यका विभिन्न निकायमा एकैपटक भएका एक हजार १७० राजनीतिक नियुक्ति खारेज गर्ने तयारी गरेको छ। प्रशासनिक प्रणाली सुधारको योजनाअन्तर्गत सरकार गठन भएलगत्तै शाहको पहिलो कदम अघिल्लो सरकारमा भएका नियुक्ति रद्द गर्ने हुनेछ । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता शाहले २७ मार्चमा प्रधानमन्त्रीको शपथ लिने कार्यक्रम छ। सोही दिन उनीहरु मन्त्रिपरिषद् गठनको तयारीमा छन्। राजनीतिक आधारमा संवैधानिक निकाय, सार्वजनिक संस्था, कूटनीतिक नियोग र विभिन्न बोर्डमा नियुक्ति भएका छन् ।यी सबै विवरण संकलन भइरहेको छ। पार्टीका केन्द्रीय सदस्य तथा सांसद पुकार बमका अनुसार शाहको नेतृत्वमा नयाँ सरकार गठन भएपछि पहिलो मन्त्रिपरिषद्को बैठकमा सो विषयमा निर्णय हुने छ । पार्टी प्रवक्ता मनिष झाका अनुसार नयाँ सरकार गठन हुनुअघि नै त्यस्ता पद धारण गरेका व्यक्तिलाई नैतिकताका आधारमा स्वेच्छाले राजीनामा दिन आग्रह गरिएको छ। उहाँले स्पष्ट गर्नुभयो कि यो कदम कुनै व्यक्तिको विरुद्ध होइन तर राज्य संयन्त्रलाई "कामदार भर्ती केन्द्र" बन्नबाट रोक्ने अभियानको हिस्सा हो।

****** ० ******